# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. ०७७/०७८
च.नं. ३९८५

मिति: २०७७।१२।१६

श्री विषयगत शाखा सवै
श्री वडा कार्यालयहरु सवै,
राप्ती नगरपालिका, चितवन ।

विषय : परिपत्र सम्वन्धमा ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१०९ मिति २०७७।१२।०९ को पत्र र मुस्लिम आयोगको मिति २०७७।११।२६ गतेको बैठकको निर्णय कार्यान्वयनका लागि पठाइएको पत्र यसैसाथ संलग्न राखी पठाइएको छ।यस सम्वन्धि अध्ययन पत्रबाटै गर्नु भइ सो बमोजिम व्यवस्था गर्न गराउन हुन अनुरोध छ ।

गंगावहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सुचना प्रविधि शाखा नगरपालिकाको Web site मार्फत परिपत्र गरिदिनुहुन ।

Scanned with CamScanner

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार,
काठमाण्डौं, नेपाल।

पत्रसंख्या:०७७/७८ (सा.स.सा.सु)

च.नं. १०९

मिति: २०७७/१२/०९

श्री स्थानीय तह सबै,

विषय: मुस्लिम आयोगको निर्णय कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा मुस्लिम आयोग जावलाखेल ललितपुरको प.स. ०७७/७८, च.नं. ३१३, मिति २०७७।११।२६ को पत्रबाट उक्त आयोगको मिति २०७७।११।२५ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा यस मन्त्रालयलाई अनुरोध गरि पठाएको पत्र यसैसाथ संलग्न छ ।यस सम्बन्धी अध्ययन पत्रबाटै गर्नु भई सो बमोजिमको व्यवस्था गर्न गराउन हुन आदेशानुसार अनुरोध छ।

बोधार्थ:
श्री सूचना प्रविधि शाखा: मन्त्रालयको web Site मार्फत परिपत्र गरिदिनुहुन ।

बन्दना कुमारी के.सी.
शाखा अधिकृत

दर्ता ......
मिति २०७७।१२।१४
...नगरपालिका

# मुस्लिम आयोग

जावलाखेल, ललितपुर

प.स. ०७७/७८
च.नं. ३१३

मिति २०७७।११।२६

---

विषयः निर्णय कार्यान्वयनका लागि पठाइएको ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।

यस आयोगको मिति २०७७।११।२५ गतेको बैठकबाट आगामी आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा तपसिल बमोजिम हुने गरी निर्णयहरु भएकोले ७५३ वटै पालिकाहरुलाई निर्णय कार्यान्वयन गर्न गराउनका लागि परिपत्र गरिदिनु हुन पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**निर्णयहरु**

१. मुस्लिम आयोग ऐन २०७४ मा व्यवस्था भए बमोजिम मुस्लिम समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तिकरणका लागि विशेष लक्षित कार्यक्रम (सामुदायिक तथा मदरसा शिक्षा, रोजगार, प्रजनन तथा बालबालिका स्वास्थ्य, सीपमूलक तथा आयआर्जन तालिम लगायतका विषयमा) तर्जुमा गरी कार्यान्वयन गर्न तथा वार्षिक रुपमा कार्यक्रमको प्रगति यस आयोगमा उपलब्ध गराउने व्यवस्था गर्ने ।

२. मुस्लिम आयोग ऐन २०७४ मा व्यवस्था भए बमोजिम मुस्लिम समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्बर्द्धनका लागि पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरुको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गर्न तथा वार्षिक रुपमा कार्यक्रमको प्रगति यस आयोगमा उपलब्ध गराउने व्यवस्था गर्ने ।

(दयाराम तिवारी)
शाखा अधिकृत

---

फोन नं. ०१-५५४२६५१, इमेलः muslimcomission.nepal@gmail.com, वेवसाइट www.muslimcommission.gov.np,
टोल फ्रि नं. १६६००११०१२२२